धेरै सशस्त्र समूहहरू क्रियाशील पूर्वी र मध्य तराईमा साना हतियार प्रयोगको बिगबिगी छ। हुँदाहुँदा राजधानी उपत्यका समेत यस्ता हतियारबाट असुरक्षित हुँदै गएको छ। काठमाडौंको पनि 'सुरक्षित' मानिने लाजिम्पाट क्षेत्रमा २४ माघ २०६६ मा सञ्चार उद्यमी जमिम शाहलाई गोली हानियो। प्रधानमन्त्री माधवकुमार नेपालले स्वर्गीय शाहका परिवारलाई 'अपराधी पत्ता लगाई कारबाही गर्ने' बचन दिए पनि ८ महिनासम्म पनि प्रहरी घटनाको मुख्य दोषीसम्म पुग्न सकेको छैन।[१७] यसैगरी ९ चैत २०६६ मा राजधानीकै गोठाटारमा सडक छेउमा निर्माण सामग्री थुपारेको विषयमा विवाद भएपछि गोली चलाउँदा १० वर्षीय बालक सन्तोष कार्कीको मृत्यु भएको थियो। प्रहरीले घटनाका अभियुक्त पक्राउ गर्न झण्डै १६ महिना महिना लगायो। ३० असार २०६७ मा बल्ल मुख्य अभियुक्त रत्न लामा पक्राउ परेका छन्।

## दण्डहीनता

'दण्डहीनता' भनेको दण्ड पाउनुपर्ने व्यक्ति दण्डित नभएको अवस्था हो। संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयका अनुसार, दण्डहीनता भन्नाले "उल्लङ्घनका पीडकहरूलाई अभियोग लगाउन, गिरफ्तार गर्न, मुद्दा चलाउन र दोषी पाइएमा उपयुक्त दण्डको निर्णय गर्न एवं पीडितलाई परिपूरण भराउन फौजदारी, देवानी, प्रशासकीय वा अनुशासनसम्बन्धी जुनसुकै कारबाही हुनसक्ने पीडकलाई कुनै किसिमको सोधपुछ नै नगरी उल्लङ्घनमा विधिवत् वा तथ्यगत रूपले जवाफदेही बनाउन असम्भव भएको परिस्थिति"[१८] लाई जनाउँछ।

अन्तर्राष्ट्रिय मानवअधिकार संस्था 'ह्युमन राइट्स वाच' का अनुसार दण्डहीनता बढ्नुमा राज्यको कानुन र व्यवहार जिम्मेवार हुन्छन्। राजनीतिक कारण वा राज्य संयन्त्रको इच्छा वा क्षमताको कमीले कुनै मानवअधिकार उल्लङ्घनकर्तामाथि कारबाही हुन नसक्नु त्यस राज्यको व्यावहारिक समस्या हो भने पर्याप्त र स्पष्ट ऐन, नियमहरू नहुनु कानुनी समस्या हो। वाचले सन् २००९ को आफ्नो प्रतिवेदनमा उल्लेख गरे अनुसार, "नेपालमा दण्डहीनता बढ्नुमा यी दुवै समस्या विद्यमान छन्।" प्रतिवेदनमा नेपालमा पर्याप्त अनुसन्धान भएका

समयमा चुक्ता नगरेपछि बैंकले लिलाम गर्ने प्रक्रिया अघि बढायो। सो प्रक्रियाबाट शोभाकर न्यौपानेले त्यो घर किने। तर, माओवादीले 'बैंक र न्यौपानेको मिलेमतोमा सस्तोमा घर लिलाम गरिएको' भनेर शोभाकरलाई घर उपभोग गर्न दिएनन्। यसो गर्नुको वास्तविक उद्देश्य चाहिँ के थियो भने त्यो घरको एउटा तलामा कार्यालय खोलेर बसेका थिए उनीहरू। शोभाकर अदालत गए, अदालतले लिलामी प्रक्रियालाई मान्यता दियो। त्यो फैसला कार्यान्वयन गर्न गएका कर्मचारीलाई माओवादीले लखेटेपछि १ चैत २०६६ दिउँसो काठमाडौंको टेकु क्षेत्रमा तनाव भएको थियो। स्रोतः *अन्नपूर्ण पोष्ट*, २ चैत २०६६, पृष्ठ ५।

१७ विभिन्न पत्रपत्रिकाबाट।

१८ संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय, दण्डहीनताविरुद्ध लड्ने कार्यमार्फत मानवअधिकारको संरक्षण र प्रवर्द्धनका सिद्धान्त। मानवअधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड), पृष्ठ २५२।

मुद्दाहरूमा अभियोजन नहुने र कतिपय कानुनहरूले नै सेना वा सरकारी अधिकारीहरूलाई कानुनी रूपमा जवाफदेही बनाउनबाट रोक्ने गर्छन्[१९] भनिएको छ। प्रतिवेदन अनुसार, "पर्याप्त आधार प्रमाण भएको अवस्थामा पनि राजनीतिक दबाब र हस्तक्षेपका कारण कानुनी कारबाहीमार्फत वाञ्छित परिणाम हासिल हुनसकेको छैन।"

नेपालमा दण्डहीनता यतिबिघ्न बढ्नुमा प्रभावकारी न्याय-व्यवस्था नहुनु, न्यायालय समेत भ्रष्टाचारमा मुछिनु पनि एउटा कारण हो। अदालतभित्र भ्रष्टाचार र अनियमितता बढेको आम स्वीकारोक्ति भए पनि कतिपय अवस्थामा आधार प्रमाणसहित सार्वजनिक भएका अनियमिततामाथि समेत छानबिन नगरिएका उदाहरणहरू छन्। हिमाल खबरपत्रिकाले चार वर्ष अगाडि सार्वजनिक गरेको, न्यायालयभित्र सीडी काण्डका नामले चर्चित घूस प्रकरणमा पनि कसैमाथि कारबाही भएन। सर्वोच्च अदालतका शाखा अधिकृत बाबुराम दाहाल र मुद्दाका पक्ष राजेश शाक्यबीचमा भएको टेलिफोन संवाद रेकर्ड सुनेपछि लाग्छ- अदालतका कर्मचारीले मुद्दाका पक्षसँग पैसा माग्दा रहेछन्। ती कर्मचारीका भनाइमा त्यो पैसा उनीहरूले न्यायाधीश र प्रधानन्यायाधीशसम्मलाई दिनुपर्दो रहेछ। संवादमा अधिकृत बाबुराम दाहालले पटक-पटक दोहोऱ्याएर पैसा 'बूढा' लाई पनि दिनुपर्ने भनेर प्रधानन्यायाधीशतर्फ सङ्केत गरेका थिए।[२०] संसद्को न्याय तथा कानुन समितिमा छलफल शुरु भएपछि शाखा अधिकृत दाहाललाई चाहिँ अन्यत्र सरुवा गरियो तर तत्कालीन प्रधानन्यायाधीश दिलीपकुमार पौडेलमाथि कुनै कारबाही भएन। बरु यो विषय सार्वजनिक भएपछि सर्वोच्च अदालत बार एशोसिएसनले एउटा छानबिन समिति बनाएर न्यायालयको अवस्थाबारे अध्ययन गरेको थियो।

दण्डहीनताको अरू कारणमा राजनीतिक हस्तक्षेपले संवैधानिक निकायहरूले स्वतन्त्रतापूर्वक काम गर्न नसक्नु र अर्धन्यायिक निकायमा पनि भ्रष्टाचार हुनु पनि पर्दछन्। भ्रष्टाचार र अनियमितता नियन्त्रण जस्तो मामिलालाई पनि राजनीतिक दाउपेचमा प्रयोग गर्ने[२१] प्रयासले वास्तविक समस्याको उपचार खोज्ने मामिलालाई ओझेलमा पारिदिएको छ।

---

१९ 'ह्युमन राइट्स वाच', २००८, 'न्यायको प्रतीक्षा', पृष्ठ १६।

२० *हिमाल खबरपत्रिका*, १-१५ चैत २०६३, www.nepalihimal.com

२१ भ्रष्टाचार नियन्त्रण मामिलालाई पनि राजनीतिक दाउपेचका रूपमा प्रयोग गरिन्छ भन्ने उदाहरणहरू थुप्रै छन्। २०५८ सालको अन्त्यमा प्रधानमन्त्री शेरबहादुर देउवाले 'विरोधी तह लगाउन' सम्पत्ति छानबिन समिति बनाए। सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश भैरवप्रसाद लम्सालको संयोजकत्वमा बनेको तीन सदस्यीय सो आयोगलाई २०४७ सालपछि सार्वजनिक लाभको पदमा बसेकाहरूको सम्पत्ति छानबिन गर्ने जिम्मेवारी दिइएको थियो। समितिको प्रतिवेदनमा 'अकुत' सम्पत्ति हुनेहरूमा धेरैजसो नेपाली काङ्ग्रेस समर्थक र केही अन्य राजनीतिज्ञहरूको नाम थियो। त्यसैगरी राजा ज्ञानेन्द्रले शक्ति हातमा लिएपछि ५ चैत २०६१ मा 'भ्रष्टाचार नियन्त्रण शाही आयोग' बनाए। उसले तत्कालीन सत्ताका विरोधीमध्ये केहीलाई बयान पनि लियो। तर अदालतले ४ फागुन २०६२ मा त्यो आयोग नै खारेज गरिदिएको थियो। हेर्नुहोस्, *अख्तियारमा ६ वर्ष*, सूर्यनाथ उपाध्याय, बुद्ध एकेडेमिक पब्लिसर एण्ड डिष्ट्रिब्युटर्स प्रालि, काठमाडौं, पृष्ठ ९७-१०७।

भ्रष्टाचार नियन्त्रण गर्ने नाममा पटक पटक गठन भएका आयोगहरू यसका उदाहरण हुन् ।

नेपालमा २०४६ सालको जनआन्दोलनले संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातान्त्रिक शासनपद्धति स्थापना गऱ्यो । त्यस जनआन्दोलनले निरङ्कुश राजतन्त्रलाई संवैधानिक राष्ट्रप्रमुखमा सीमित हुन बाध्य पारेको थियो । सो जनआन्दोलन दमन गर्ने क्रममा भएको ज्यादती छानबिन गर्न सरकारले एउटा न्यायिक आयोग बनाएको थियो । न्यायाधीश जनार्दनलाल मल्लिकको अध्यक्षतामा बनेको सो आयोगले राजनीतिज्ञ र सरकारी कर्मचारी आन्दोलन दबाउन सक्रिय रहेको भनेर १०० जनाको सूची सार्वजनिक गऱ्यो । तर, तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले नेतृत्व गरेको अन्तरिम सरकारले 'जनआन्दोलनका दोषीलाई कारबाही गर्नुभन्दा शान्ति सुरक्षा कायम गर्नु तत्कालको प्राथमिक काम' भनेर 'मल्लिक आयोग'का नामले चर्चित त्यो प्रतिवेदन कार्यान्वयन गरेन ।[२२] आम निर्वाचन गराउनु तत्कालीन सरकारको प्राथमिक काम थियो । मारिएका र घाइते भएकाहरूका तर्फबाट विद्यार्थी र कानुन व्यवसायीहरूको एउटा समूह न्यायका लागि अदालत पुग्यो । तर, सर्वोच्च अदालतले मुद्दा दरपीठ गरिदियो । त्यसपछि बनेका कुनै पनि सरकारले यो विषय अगाडि बढाउन चाहेनन् ।[२३]

जनआन्दोलन २०६२/६३ सकिए लगत्तै सरकार चलाउनहरूले गरेका ज्यादतीको छानबिन गर्न २२ वैशाख २०६३ मा अर्को एउटा न्यायिक आयोग गठन गरियो । सर्वोच्च अदालतका पूर्व न्यायाधीश कृष्णजङ्ग रायमाझीको अध्यक्षतामा बनेको सो आयोगले, तत्कालीन मन्त्रिपरिषद्का अध्यक्ष राजा ज्ञानेन्द्रसहित ६५ जनालाई 'कानुन बनाएर कारबाही गर्न' सिफारिस गरेको थियो । यस बाहेक आयोगले अरू २०० जनालाई कारबाही गर्न सिफारिस गरेको थियो । यसमा जनआन्दोलनताका सुरक्षा निकायका माथिल्लो पदमा रहेकाहरू र निजामती सेवाका विभिन्न तहका कर्मचारीहरू थिए । गिरिजाप्रसाद कोइरालाको नेतृत्वको सरकारले ११ मङ्सिर २०६३ मा सो प्रतिवेदन अध्ययन गर्न उप-प्रधानमन्त्री केपी ओलीको संयोजकत्वमा 'अध्ययन समिति' गठन गरेको थियो । समितिले जनआन्दोलन दमन गर्ने गरी राजनीतिक तहबाट आदेश दिनेउपर कानुन बनाएर मात्रै कारबाही गर्नुपर्ने भनिएकोमा समिति 'पश्चातदर्शी कानुन बनाउनु नहुने ठहर गर्दछ' भनेको थियो । समितिले 'आदेश कार्यान्वयन गर्ने तल्लो तहका कर्मचारीउपर पर्याप्त छानबिन बिना कठोर सजाय गर्ने गरी आयोगबाट भएको सिफारिस न्यायोचित नभएको' ठहर गऱ्यो । समितिको यो निर्णयपछि २०६२/६३ को जनआन्दोलनका दोषीहरूमाथि पनि कारबाहीको प्रक्रिया अघि बढेन ।[२४]

२२ 'ह्युमन राइट्स वाच', २००८, पृष्ठ १७-१८ ।

२३ ऐ.ऐ. ।

२४ मानवअधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड), पृष्ठ २८७-३१८ । प्रतिवेदन अध्ययन समितिका सदस्यहरूमा